# आगामी बजेट तर्जुमा कार्यतालिका तयार

कालान्तर समाचार
काठमाण्डौं, ९ चैत्र

सबै विषयगत मन्त्रालयले यही चैत १५ गतेभित्र आफ्ना योजना तथा कार्यक्रम प्रस्ताव गरिसक्नुपर्ने गरी आउँदो आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार भएको छ।

प्रतिनिधिसभा सदस्य चुनावपछि नयाँ सरकार गठन भइनसकेको अवस्थामा बजेट क्यालेन्डरअनुसार भने चैत १५ भित्र सबै मन्त्रालयले आउँदो आर्थिक बर्षको बजेटमा राख्नुपर्ने योजना तथा कार्यक्रम अनिवार्य रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआइएस) मा राखिसक्नुपर्नेछ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले सबै मन्त्रालयलाई आउँदो आर्थिक बर्षको बजेट सीमा (सिलिङ) उपलब्ध गराई त्यहीअनुसार चैत १५ भित्र आफ्ना योजना तथा कार्यक्रम एलएमबीआइएसमा प्रविष्ट गरिसक्न भनिएको जानकारी दिए। यद्यपि, नयाँ बन्न लागेको सरकारले कस्तो नीति तथा कार्यक्रमसहित बजेट ल्याउँछ भन्ने स्पष्ट नभइसकेको अवस्थामा बजेट निर्माणको प्रक्रिया अगाडि बढाउनु परेको उनको भनाइ छ।

आउँदो आर्थिक वर्षका लागि सरकारले लिने कर नीतिबारे अहिले राजस्व परामर्श समिति गठन भई अध्ययनको काम भइरहेको र आर्थिक सर्वेक्षण तथा सार्वजनिक संस्थानहरूको प्रगति विवरण (पहेंलो किताब) तयार पार्ने काम पनि भइरहेको प्रवक्ता पाण्डेयले जानकारी दिए।

आउँदो आर्थिक वर्ष २०८३/८४ को बजेट बनाउने काम भने गत पुसबाटै शुरू भइसकेको छ। अर्थ मन्त्रालयले तयार पारेको बजेट तर्जुमासम्बन्धी कार्यतालिका अनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन बर्षका लागि उपलब्ध स्रोत र खर्च गर्न सकिने सीमाको पूर्वानुमान (बजेट सिलिङ) तयार पारी अर्थ मन्त्रालयलाई बुझाइसकेको छ भने अर्थ मन्त्रालयले पनि सबै विषयगत मन्त्रालयलाई बजेट सिलिङ पठाइसकेको छ।

आउँदो आर्थिक बर्षका लागि झन्डै १८ खर्ब ९० अर्ब रुपैयाँ हाराहारीको बजेट ल्याउन सकिने गरी सिलिङ तयार पारिएको राष्ट्रिय योजना आयोगले जनाएको छ। नयाँ सरकार गठनमा ढिलाइ हुँदा बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धि सहितका सूचकहरू तयार पार्ने काम भने प्रभावित भएको छ।

राजनीतिक अस्थिरताका कारण तोकिएको समयमा बजेट बनाउन नसक्ने अवस्था बारम्बार सृजना भएपछि जेठ १५ मा अनिवार्य रूपमा सदनमा बजेट पेश गर्नुपर्ने कानूनी व्यवस्था बनाइएको छ।

बजेट निर्माण प्रक्रिया भने हरेक वर्षजस्तो प्रभावित हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली पटक-पटक संशोधन गर्नुपर्ने अवस्था आउने गरेको थियो।

यस वर्ष पनि ऐन तथा नियमावलीले तोकेको बजेट निर्माण तालिका प्रभावित हुने देखिएको छ।

यस बर्षको बजेट तर्जुमासम्बन्धी कार्यतालिका (बाँकी ३ पेजमा)

## सम्भावित..........

आधारित कर्मचारी प्रशासनको नयाँ मानक स्थापित गर्नेछौं। प्रधानमन्त्री कार्यालयलाई केवल प्रशासनिक निकाय मात्र नभई अन्तर-मन्त्रालय समन्वय, जलबायु परिवर्तन र ठूला आयोजनाहरूको प्रत्यक्ष अनुगमन गर्ने नतिजा केन्द्रका रूपमा रूपान्तरण गर्नेछौं,' रास्वपाले वाचा पत्रमा भनेको छ। तदनुरूप नै छलफल भइरहेको महामन्त्री बुलांकोटीले बताए। हामीले वाचा पत्रमै मन्त्रालयको सख्या घटाउने भनेका थियौं। त्यहीअनुसार कम्तीमा १५ र बढीमा १८ वटा मन्त्रालय बनाउने गरी छलफल भइरहेको छ। मन्त्रीहरूको नाममा भने हामी प्रवेश गरिसकेका छैनौं,' बुर्लाकोटीले भने।

गृहमा डोलप्रसाद अर्याल (डिपी)
कि सुनिल लम्साल ?

राष्ट्रिय स्वतन्त्र पार्टीका एक पदाधिकारी तहका नेताहरूले जानकारी गराएअनुसार पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहले मन्त्री छनोट गर्ने सूची (रोष्टर) बनाइरहेका छन्। सकेसम्म विषय विज्ञ, सेवा प्रवाहमा ध्यान दिन सक्ने, कमान्डिङ क्षमता भएकोलाई मन्त्री बनाउने गरी उनले सूची तयार पारिरहेका हुन्।

'मन्त्रीहरूको सूची तयार पारेर उनीहरूको (ब्याकग्राउण्ड) पृष्ठभूमि केलाउने काम भइरहेको छ। सांसदहरूले कसैले पनि दबाब दिनुपर्दैन, नेतृत्व आफैले सांसदहरूको क्षमता मूल्यांकन गरेर सुहाउँदो र छरितो समूह निर्माण गर्नै छ भनेर सांसदहरूलाई भनिएको छ,' एक नेताले भने।

ती नेताका अनुसार गृह मन्त्रीमा उपसभापति डोलप्रसाद अर्याल (डिपी) र सुनिल लम्सालको नाम चर्चामा छ। सभापति लामिछानेले अर्याललाई बनाउन चाहेका छन् भने बालेनका तर्फबाट लम्सालको नाम प्रस्तावित छ। लम्साल अहिले पार्टीका महामन्त्री छन्। बालेन काठमाडौं महानगरपालिकाको मेयर हुंदा नै लम्साल उनको सचिवालयमा थिए। उनी महानगरका पूर्वाधारविज्ञका रूपमा थिए। रूपन्देही-१ बाट निर्वाचित लम्साल बालेनका विश्वास पात्र मध्येका एक हुन्।

त्यसो त उपसभापति अर्याललाई सभामुखसमेत प्रस्ताव गरिएको नेताहरू बताउंछन्। तर अर्यालले समामुखभन्दा गृह मन्त्रालयमै रूचि देखाएको नेताहरूको दावी छ।

यसमा सभापति लामिछाने र वरिष्ठ नेता बालेन निष्कर्षमा पुगिसकेका छैनन्। अर्याल गृहमन्त्री बन्ने भए लम्सालको भागमा अर्को मन्त्रालय पर्न सक्छ।

भौतिक पूर्वाधार तथा यातायात र सहरी बिकास मन्त्रालय गाभ्ने पनि चर्चा चलेको छ। यी दुई मन्त्रालय गाभेर लम्साललाई नेतृत्व दिने सम्भावना पनि रहेको रास्वपाका नेताहरू बताउंछन्।

सभामुख कसलाई बनाउने भनेर रास्वपाभित्र पात्रको खोजी भइरहेको पनि नेताहरू बताउंछन्। सभामुखका युवा अनुहारको खोजी भइरहेको पनि नेताहरूको दावी छ। पार्टीका अर्का उपसभापति स्वर्णिम वाग्ले अर्थमन्त्री बन्ने चर्चा छ। उनको नाममा पार्टीभित्र सर्वसम्मतिजस्तै रहेको पनि नेता बताउंछन्।

प्रवक्ता मनिष झा पनि मन्त्रीको सूचीमा छन्। झाले सञ्चार तथा सूचना प्रविधि मन्त्रीमा इच्छा राखि रहेका छन्।

चितवन-३ बाट निर्वाचित सोबिता गौतमलाई कानुन मन्त्री बनाउने तयारी भइरहेको ती नेताले बताए। पार्टीभित्रका कतिपयले गौतमलाई सभामुख बनाउन पनि आग्रह गरेका छन्। तर पूर्वउपसभामुख इन्दिरा रानामगरले पनि सभामुखमा दावी गरिरहेको ती नेताले बताए।

प्रत्यक्षतर्फ दोहोर्‍याएर जितेका काठमाडौं ६ मा शिशिर खनाल, काठमाडौं-८ बाट निर्वाचित बिराजभक्त श्रेष्ठ, ललितपुरबाट निर्वाचित डा. तोसिमा कार्की लगायतले पनि मन्त्रीमा आकांक्षा राखेका छन्। खनाललाई परराष्ट्र मन्त्री बनाउने तयारी रहेको नेताहरू बताउंछन्।

काठमाडौं-५ बाट निर्वाचित सस्मित पोखरेल, काठमाडौं-३ बाट निर्वाचित राजुनाथ पाण्डे, सुम्निमा उदासको नाम पनि मन्त्रीको चर्चामा छ।

### मुख्य सचेतक बुर्लाकोटी र सचेतकमा डाँगीको चर्चा

रास्वपाका नेताहरूले जानकारी दिएअनुसार महामन्त्री कविन्द्र बुर्लाकोटीलाई मुख्य सचेतक बनाउने चर्चा छ। बुलांकोटी गोरखा-२ बाट निर्वाचित भएका हुन्। त्यस्तै सचेतकमा झापा-१ बाट निर्वाचित सांसद निशा डाँगीको चर्चा छ। डाँगी यसअघिको प्रतिनिधि सभामा सचेतककै भूमिकामा थिइन्।

'महामन्त्री बुर्लाकोटीलाई मुख्य सचेतक र निशालाई सचेतक बनाउने गरी पार्टीभित्र छलफल अघि बढेको छ,' रास्वपाका ती नेताले भने।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर कैलाली

सरसफाई शाखाद्वारा जनहितमा जारी सन्देश

## प्लास्टिक हटाऔ, पृथ्वी बचाऔ

के तपाईंलाई थाहा छ ?

- एउटा प्लास्टिक झोला नष्ट हुन सयौं वर्ष लाग्छ।
- फालिएको प्लास्टिकले नदी, माटो, जनावर र मानिसलाइ असर गर्छ। अन्ततः हामीले नै तिनै विषाक्त पदार्थ सेवन गर्छौ।
- अब प्लास्टिक होइन, विकल्प रोजौं :
- कपडाको झोला प्रयोग गरौं।
- पुनः पयोग गर्न मिल्ने सामग्री छनौट गरौं :
- प्लास्टिकजन्य वस्तुहरु प्रयोग नगर्ने प्रण गरौं।

हामी सबै मिलेर बनाऔं
प्लास्टिक मुक्त टीकापुर !
"आजदेखि सुरुवात गरौं, सन्देश दिनुहोस अरुलाइ पनि।"
"हाम्रो पृथ्वी, हाम्रो जिम्मेवारी।"

नगरपालिकाद्वारा प्रतिबन्धित प्लाष्टिक जन्य व्याग प्रयोग नगरी कानुनको पालना गरौं, सभ्य नागरिकको परिचय दिऔं।

## पिनासका लक्षणहरु:

- ❖ नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- ❖ आँखाको अगाडी र तलको भाग दुख्नु,
- ❖ नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- ❖ विहानको समयमा टाउको बढी दुख्नु,
- ❖ सुँघ्ने शक्ति कमजोर हुनु,
- ❖ नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
- ❖ थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

## रानी जमरा कुलरिया सिंचाई आयोजना

कृषि कार्यक्रम कार्यान्वयन एकाई
टीकापुर, कैलाली

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति २०८२ माघ ०८ गतेको कालान्तर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित "कृषि उत्पादन तथा प्रशोधन र बजारीकरणमा सहयोग गर्ने कृषि औजार यन्त्र उपकरण आपूर्तिका लागि शिलबन्दी दरभाउ प्रस्ताव आव्हान सम्बन्धी सूचना" बमोजिम तोकिएको मितिभित्र रितपूर्वक दर्ता हुन आएका शिलबन्दी दर भाउपत्रहरुको मूल्यांकन गर्दा तपशील अनुसारको शिलबन्दी प्रस्तावदाताले पेश गरेको एकाई दरभाउ प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ उपदफा २ को प्रयोजनार्थ यो आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशन गरिएको छ।

| क्र.सं. | प्रस्तावको नामर ठेगाना | बोल कबोल अङ्क रु. (एकाई दररेट अनुसार) |
|---|---|---|
| १ | किसानट्रेड लिङ् प्रा.लि. जानकी गा.पा.-१, दुर्गौली, कैलाली | न्यूनतम एकाई दररेट अनुसार |
| २ | लाक्सगुप कम्पनी प्रा.लि., कोटेश्वर-३२, काठमाडौं | |
| ३ | एन.बि.ईन्टरप्राईजेज घोडाघोडी, न.पा.-१, सुखड, कैलाली | |
| ४ | दिनेश मोटर्स प्रा.लि. धनगढी-४, कैलाली | |
| ५ | मुक्तिनाथ कृषि कम्पनी, क्षेत्रीय कार्यालय, धनगढी, कैलाली | |
| ६ | डि.कम माईक्रोसिस्टम प्रा.लि., टीकापुर-१, कैलाली | |
| ७ | ठाकुर ट्रेड लिङ्, धनगढी-१, कैलाली | |
| ८ | न्यू किसान ट्रेड लिङ्, लम्कीचुहा न.पा.-२, कैलाली | |
| ९ | डि एण्ड डि ट्रेडिङ्, बर्दगोरिया-२, बौनिया, कैलाली | |

कालान्तर दैनिकका लागि प्रकाशक/सम्पादक: पदमप्रसाद सापकोटा (९८४८४२९८७९),
कार्यालय: टीकापुर-१/१४, कैलाली, फोन नं. ०९१-५६१४०७, E-mail:kalantardaily@gmail.com, मुद्रक: टीकापुर अफसेट

CS CamScanner